जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १०४ २०७८ साल मंसिर २ गते बिहीबार (18 Nov. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

छोरीलाई दाइजो होइन शिक्षा दिऔं,
सवल, सक्षम र आत्मनिर्भरताको दीक्षा दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अख्तियारको निष्कर्ष : कुन... ३ पृष्ठमा : रेल्वे जग्गाको मुआब्जा ... ३ पृष्ठमा दिल्लीको न्यूनतम तापक्रम १०...

# विद्यापति स्मृति पर्व धुमधामका साथ मनाइयो




**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**
मैथिली भाषाका कवि कोकिल विद्यापतिको स्मृति एवं सम्झनामा मैथिली साहित्य परिषद सप्तरीले विविध कार्यक्रमको आयोजना गरेको छ ।

विद्यापति स्मृति पर्व समारोहको तीन दिने कार्यक्रम अन्तरगत बुधबार अन्तिम दिन झाँकी प्रर्दशन, श्रद्धाञ्जली सभा तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरेको छ ।

स्थानिय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट विद्यापतिको महत्व झल्कने आकर्षक झाँकीसहित निस्केको जुलुश नगर परिक्रमा पश्चात मैथिली भवनमा पुगी श्रद्धाञ्जली सभा तथा पुरस्कार वितरण समाहरोमा परिणत भएको थियो ।

सो अवसरमा यस पटकको शिवदत्त मिश्र स्मृति पुरस्कारबाट विवेकानन्द मिश्र र विजेन्द्र विनोद स्मृति कला पुरस्कारबाट कुन्दन मण्डल "पप्पु" लाई सम्मान गरिएको छ ।

यस्तै लक्ष्मी-विवेक मैथिली पत्रकारिता पुरस्कारबाट विष्णु मण्डल र शोभा देवी स्मृति पुरस्कारबाट मन्जु श्रेष्ठलाई सम्मानित गरिएको मैथिली साहित्य परिषदका अध्यक्ष सतिस कुमार दत्तले जानकारी दिएका छन् ।

यस अघि परिषदद्वारा तीन दिवसीय कार्यक्रम अन्तरगत पहिलो दिन मिथिला अक्षर लेखन प्रतियोगिता र दोश्रो दिन साहित्यीक गोस्ठिको आयोजना गरिएको थियो ।

परिषद्का अध्यक्ष सतिश दत्तको अध्यक्षता तथा जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादवको प्रमुख आतिथ्यमा आयोजित सभाका वक्ताहरुले विद्यापतिको प्रतिभा र विद्वताबारे आ-आफनो विचार व्यक्त गरेका थिए ।

# चार कम्पनी कालोसूचीमा

काठमाडौँ, १ मङ्सिर (रासस) ।
सम्झौताअनुसार निर्माण सम्पन्न नगरेको जनाउँदै सरकारले विभिन्न चार कम्पनीलाई कालोसूचीमा राखेको छ । खरिद कार्यालयको मङ्गलबार बसेको वैठकले बुधबारदेखि लागू हुने गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय मुजेलिया जनकपुरका सिफारिसमा नयाँबानेश्वर काठमाडौँस्थित भैरव कन्स्ट्रक्शने कम्पनीलाई दुई वर्षका लागि कालोसूचीमा राख्ने निर्णय गरेको हो ।

यस्तै प्रहरी प्रधान कार्यालयको सिफारिसमा त्रिपुरेश्वरस्थित न्यू लक्ष्मी इण्डस्ष्ट्रिज एण्ड सप्लायर्स, बनेपा नगरपालिका नगर कार्यापालिकाको सिफारिसमा ललितपुरको सापकोटा सप्लायर्स एण्ड निर्माण र शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जाजरकोटको सिफारिसमा काठमाडौँ बानेश्वरको लार्ज बास्केट कम्पनीलाई एक/एक वर्षका लागि कालोसूचीमा परेको छ ।

सार्वजनिक खरिद ऐनका अनुसार कालोसूचीमा परेका कम्पनीले तोकिएको अवधिसम्म सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन् । कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तरता हुने कार्यालयले जनाएको छ ।

# 'खटर स्मृति पत्रकारिता पुरस्कार' घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**
राजविराजका समाजसेवी स्व. खटर यादवको सम्झनामा 'खटर स्मृति पत्रकारिता पुरस्कार' घोषणा गरिएको छ ।



स्व. खटरका भाइ सप्तरीको राजविराज वडा नं. ७ निवासी छेदी यादवले बुधवार उक्त पुरस्कारबारे घोषणा गरेका हुन् ।

पुरस्कारका लागि ५१ हजार रुपैयाँको कोष स्थापना गरिएको तथा सोही कोषबाट आउने ब्याज रकमले वर्षेनी पुरस्कार वितरण कार्यलाई निरन्तरता दिइने जनाइएको छ ।

दाजु स्व. खटर यादवको सम्झानामा उक्त पुरस्कार यही मंसिर महिनामा एक कार्यक्रमबीच प्रदान गरिने बताउँदै सप्तरीका एक जना सञ्चारकर्मीलाई ५ हजार १ सय १ रुपैयाँ राशिको पुरस्कार प्रदान गरिने जानकारी दिए ।

# 'सर्वोच्चमा देखिएको समस्या एक/दुई दिनभित्रै सल्टिन्छ'

धनुषा, १ मङ्सिर (रासस) ।
नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वोच्च अदालतमा देखिएको समस्या छिट्टै समाधान हुने बताउनु भएको छ । उहाँले भन्नुभयो "सर्वोच्चको समस्या एक/दुई दिनभित्र सर्वोच्चबाट नै सल्टिने छ ।"

महोत्तरीको रामगोपालपुर नगरपालिकामा आयोजनन हुने कार्यक्रम सहभागी हुन आउनुभएको अध्यक्ष प्रचण्डले जनकपुरधाम विमानस्थलमा बुधबार सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानीका क्रममा समस्याको छिट्टोभन्दा छिटो समाधान गर्न सरकारले आफ्नो-आफ्नो ठाउँबाट पहल गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आशा गरौँ, विवाद अदालतबाट नै सल्टियोस् । हामी अदालतबाटै एक-दुई दिनभित्र समस्या समाधान होस् भन्ने चाहेका छौँ ।"

उहाँले अदालतमा देखिएको समस्या एक-दुई दिनमा समाधान नभए राजनीतिक रूपमा हल गरिने बताउनुभयो । सरकारलाई सहयोग गर्न गठित पाँचदलीय गठबन्धन समन्वय समितिको बैठकले सन्तुलित वक्तव्य दिइसकेको जनाउँदै उहाँले यस विषयमा थप बोल्न आवश्यक नरहेको बताउनुभयो ।




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# जारी भयो विद्युतीय राहदानी

काठमाडौँ, १ मङ्सिर (रासस)।

सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको सहकार्य र समन्वयमा विद्युतीय राहदानी जारी गरेको छ। परराष्ट्रमन्त्री डा नारायण खड्काले बुधबार यहाँ आयोजित एक कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीलाई पहिलो विद्युतीय राहदानी हस्तान्तरण गर्नुभयो। साथै उहाँले शताब्दी पुरुषको उपमा पाउनुभएका जोशीलाई अभिनन्दन पनि गर्नुभयो।

राहदानी विभागले आयोजना गरेको उक्त कार्यक्रममा मन्त्री खड्काले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मापदण्डानुसार सुरक्षाका सबै विशेषता समेटिएको गुणस्तरीय राहदानी जारी गरिएको बताउनुभयो। समयबद्धरूपमा विदेशस्थित नेपाली नियोग र सबै जिल्ला प्रशासन कार्यालयबाट विद्युतीय राहदानी जारी गरिने जानकारी पनि परराष्ट्रमन्त्रीले दिनुभयो।

दुई दिनअघि राष्ट्रिय परिचयपत्र पाउनुभएका जोशीले राणाकालमा तत्कालीन लङ्का र हालको श्रीलङ्का यात्रा आफूले 'जो जससँग सम्बन्धित छ' सिफारिसका आधारमा गरेको, २००७ सालमा मुन्सिखानाबाट पहिलोपटक राहदानी लिएको तथा श्रीमतीको राहदानीमा आफ्ना दुई सन्तानको समेत तस्बिर राखेर चीनको यात्रा गरेको स्मरण सुनाउनुभयो।

"हाम्रो देश सानो भए पनि इ-पासपोर्ट संसारभर सबैको एकै हुन्छ, अन्तर्राष्ट्रिय जगत्मा हाम्रो हैसियत सबैसँग समान छ", विद्युतीय राहदानीको माध्यमबाट देशको गरिमा बढ्ने तर्क गर्दै उहाँले भन्नुभयो।

परराष्ट्र सचिव भरतराज पौडचालले हस्तलिखित राहदानीको युगलाई पछाडि छोडेर यन्त्रले पढ्ने राहदानी (एमआरपी) हुँदै अब विद्युतीय राहदानी लिएर यात्रा गर्ने अवस्थामा नेपाली पुग्नु गौरवको विषय भएको बताउँदै सेवाग्राहीलाई इ-पासपोर्ट र एमआरपी समानान्तररूपमा जारी गरिने जानकारी दिनुभयो।

राहदानी विभागका महानिर्देशक डोरनाथ अर्यालले ३४ र ६४ पृष्ठका विद्युतीय राहदानीका विशेषताबारे जानकारी दिँदै एमआरपीका निम्ति लाग्ने दस्तुर नै इ-पासपोर्टमा पनि लागू हुने बताउनुभयो। विभागबाट एमआरपी लिँदा रु १० हजार र जिल्ला प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट राहदानी लिँदा सेवाग्राहीले रु पाँच हजार दस्तुर तिर्नुपर्ने व्यवस्था छ। विभागबाट ६४ पृष्ठको इ-पासपोर्ट लिन चाहने सेवाग्राहीले भने रु २० हजार राजस्व बुझाउनुपर्नेछ।

एघार वर्षअघिसम्म हस्तलिखित राहदानी प्रयोग गर्ने नेपाल त्यसपछि एमआरपी हुँदै अब इ-पासपोर्ट प्रयोग गर्ने देशमा रूपान्तरण भएको छ। विद्युतीय राहदानीमा बाहेकको व्यक्तिगत विवरण 'चिप्स'मा सुरक्षित तवरले राखिएको हुन्छ जसलाई विशेष यन्त्रले मात्र हेर्न र पढ्न सकिन्छ। यद्यपि यो राहदानी एमआरपी वा हस्तलिखित राहदानीजस्तै हो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# अख्तियारको निष्कर्ष : कुन प्रदेशमा कति भ्रष्टाचार ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको वार्षिक प्रतिवेदनमा स्थानीय तहमा सबैभन्दा धेरै भ्रष्टाचार भएको औँल्याइएको छ। सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा भएको अख्तियारको ठहर छ। प्रदेशमा पनि भ्रष्टाचार व्याप्त भएको अख्तियारको निष्कर्ष छ।

प्रतिवेदनअनुसार स्थानीय तहसँग सम्बन्धित ३२.७२ प्रतिशत उजुरी परेको छ। त्यसपछि शिक्षा क्षेत्रअन्तर्गत स्थानीय तहसमेत १५.६१ प्रतिशत, भूमि प्रशासनसँग सम्बन्धित ९.०९ प्रतिशत, वन तथा वातावरण क्षेत्रअन्तर्गत ५.०१ प्रतिशत, स्वास्थ्य तथा जनसंख्यासँग सम्बन्धित ३.९३ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित ३.७६ प्रतिशत, गृह प्रशासनसँग सम्बन्धित ३.४७ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रअन्तर्गत ३.०९ प्रतिशत र अर्थ मन्त्रालयसँग सम्बन्धित २.०९ प्रतिशत उजुरी रहेका परेका छन्।

त्यस्तै, नक्कली शैक्षिक प्रमाणपत्रतर्फ ५.६१ प्रतिशत, गैर कानुनी सम्पत्ति आर्जनतर्फ ३.३८ प्रतिशत र अन्य निकाय र क्षेत्रअन्तर्गत १२.२५ प्रतिशत उजुरीहरू परेका छन्। आर्थिक वर्ष २०७७/०७८ मा आयोगको केन्द्रीय कार्यालय, टंगाल र मातहतका कार्यालयहरूमा गरी जम्मा १४ हजार ४२५ उजुरीहरू परेका छन्। यसका अतिरिक्त अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ८ हजार २ सय उजुरीहरू समेत गरी कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या २२ हजार ६ सय २५ रहेको आयोगको प्रतिवेदनमा उल्लेख छ।

यी उजुरीमध्ये १४ हजार ५३२ उजुरी अर्थात ६४ दशमलव २३ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएको आयोगले जनाएको छ।

यस्तै प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीहरू मध्ये ५ सय १० वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको, ८ हजार २६७ उजुरी तामेली गरिएको, ८ सय ५० उजुरीउपर सुझाव दिई तामेली गरिएको छ। ४ हजार ९ सय ५ उजुरी उपर कानुनबमोजिम अन्य आवश्यक कारबाही गरिएको आयोगले जनाएको छ।

**कुन प्रदेशमा कति भ्रष्टाचारको उजुरी ?**

अख्तियारले सार्वजनिक गरेको प्रतिवेदन अनुसार सबैभन्दा धेरै बागमती प्रदेशमा भ्रष्टाचारको उजुरी परेको छ। यस्तै गण्डकी र कर्णाली प्रदेशमा सबैभन्दा कम उजुरी परेको छ।

प्रदेश अनुसार प्रदेश नम्बर १ मा १२.५४ प्रतिशत, प्रदेश नम्बर २ मा २४.५६ प्रतिशत, बागमती प्रदेशमा २२.५९ प्रतिशत, गण्डकी प्रदेशमा ७.१६ प्रतिशत र लुम्बिनी प्रदेशमा १३.७२ प्रतिशत भ्रष्टाचारका उजुरी परेका छन्।

त्यस्तै, कर्णाली प्रदेशमा ७.९८ प्रतिशत र सुदूर पश्चिम प्रदेशमा ११.४५ प्रतिशत भ्रष्टाचारको उजुरी परेको आयोगले जनाएको छ।

**१ अर्ब, ८९ करोडभन्दा बढी बिगो दाबी**

अख्तियारले आर्थिक वर्ष २०७७/०७८ मा आयोगका जम्मा ९६ वटा बैठक बसी ६ सय ५३ वटा निर्णय गरेको छ भने यो वर्ष १ सय १४ वटा आरोप पत्र विशेष अदालतमा दर्ता गर्ने निर्णय भएको छ।

यसमध्ये घुस र रिसवतसँग सम्बन्धित ७० वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित २० वटा, गैर कानुनी लाभहानिसँग सम्बन्धित १२ वटा तथा गैर कानुनी सम्पत्ति आर्जन र नक्कली शैक्षिक प्रमाणपत्र र राजस्व हिनामिना लगायतका विषयसँग सम्बन्धित तीन-तीन वटा मुद्दा रहेका छन्।

ती आरोपपत्रहरूबाट कुल ४ सय ४३ जनालाई प्रतिवादी बनाई एक अर्व, उनान्नब्बे करोड, सत्चालिस लाख, पैतीस हजार, चार सय चौतिस रुपैयाँ विगो मागदावी गरिएको आयोगले जनाएको छ।

**स्टिङ अपरेशन रोक्न अदालतको आदेशपछि मुद्दा घटे**

यसैबीच, सर्वोच्च अदालतले स्टिङ अप्रेशन रोक्न आदेश दिएपछि घुस रिसवतका मुद्दामा कमी आएको आयोगले जनाएको छ। अदालतले आयोग आफैले रकम उपलब्ध गराएर स्टिङ अप्रेशन गरी संकलन गरेको प्रमाण ग्राह्य नहुने फैसला गरेसँगै घुस र रिसवतसम्बन्धी उजुरीहरूमा सेवाग्राहीबाट रकम उपलब्ध गराएको अवस्थामा मात्र आयोगले कारबाही गर्न थालेको जनाइएको छ।

यो नयाँ व्यवस्थासँगै विगत वर्षहरूको तुलनामा आर्थिक वर्ष २०७७/०७८ मा घुस रिसवत सम्बन्धी कसुरमा दायर मुद्दा संख्यामा कमी आएको आयोगको भनाई छ। आर्थिक वर्ष २०७६/७७ मा घुस रिसवतसम्बन्धी कसुरमा २ सय ५ वटा आरोप पत्रहरू दायर भएकोमा आर्थिक वर्ष २०७७/७८ मा ७० वटा आरोपपत्रमात्र दायर भएको अख्तियारले जनाएको छ।

यस्तै आर्थिक वर्ष २०७७/०७८ मा कोभिड १९ को महामारीका कारण स्थलगत छानबिनदेखि बयान र सोधपुछ लगायतका अनुसन्धानका अत्यावश्यक कार्यहरू प्रभावित रहेको र यो अवधिमा आफ्ना १ सय २५ भन्दा बढी कर्मचारी संक्रमित भएका कारण काम प्रभावित भएको आयोगको भनाई छ।

**११३ मुद्दामा अदालतको फैसला**

अख्तियारले विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका आरोप पत्रहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा १ सय १३ वटा मुद्दाहरूको फैसला प्राप्त भएको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। जसमध्ये ८१ वटा अर्थात ७१.६८ प्रतिशत फैसलाहरूमा भ्रष्टाचारजन्य कसुर कायम भएको जनाइएको छ। विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा ५८ वटा फैसला उपर पुनरावेदन गर्ने निर्णय गरिएको छ।

यस अवधिमा आयोगले दायर गरेका आरोप पत्रहरूमा घुस रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी र सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, झुठा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट र हिनामिना गर्नेजस्ता भ्रष्टाचारका प्रवृत्तिहरू भेटिएको आयोगले जनाएको छ।

यस्तै भारत गएर प्रमाणीकरण गर्ने कार्य हुन नसक्दा विगतका वर्षहरूको तुलनामा यस अवधिमा झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्रसम्बन्धी कसुरमा न्यून मात्रामा आरोप पत्र दायर गरिएको छ। अघिल्लो आर्थिक वर्षमा ८५ वटा आरोप पत्र दायर भएकोमा आर्थिक वर्ष २०७७/७८ मा यो संख्या ३ मात्र रहेको आयोगले जनाएको छ।

**भ्रष्टाचार रोक्न आयोगको यस्तो सुझाव**

आयोगले सार्वजनिक गरेको प्रतिवेदनमा सुशासन र सदाचार प्रवर्द्धनका लागि केही सुझावहरू समेत दिएको छ। जसअनुसार सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रणमा उक्त निकायका प्रमुखलाई उत्तरदायी बनाउने, प्रदेश तथा स्थानीय तहका कानुनहरूको सुदृढीकरण गर्ने, सार्वजनिक क्षेत्रको सदाचारिता तथा नैतिक आचरणको विचलनलाई रोक्न संघीय शासन प्रणाली अनुरुप तीनै तह समेटिने गरी राष्ट्रिय सदाचार नीति तर्जुमा गरी लागू गर्न सुझाव दिएको छ।

यस्तै स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धन गर्ने, सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न लाभग्राहीको पहिचान सहित अद्यावधिक अभिलेख निर्माण गर्ने, सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र उत्पादकत्व वृद्धि गर्ने, तीनै तहका सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको क्षमता विकास गर्ने, बोलपत्र आह्वान गर्नुअघि आवश्यक पूर्व तयारी जस्तै स्रोतको सुनिश्चितता, बहुवर्षीय र वार्षिक खरिद योजनाको स्वीकृति, निर्माणस्थलको सुनिश्चितता, वातावरणीय अध्ययन लगायतका कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाउन, ठेक्का सम्झौतामा सम्बन्धित निकायरपदाधिकारीहरू नै पूर्णरुपमा जिम्मेवार एवं जवाफदेही हुने व्यवस्था मिलाउन सुझाव दिएको छ।

यस्तै उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई व्यवस्थित गर्न उपभोक्ता समितिको गठन, परिचालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई लागू गर्न र परामर्शदाताका कारण खरिदमा हानी नोक्सानी भएमा सो को क्षतिपूर्ति पनि परामर्शदाताबाटै भराउन सुझाव दिएको छ।

आयोगले विभिन्न शीर्षकहरूमा सुझावहरू दिएको छ। सुशासन र सदाचार प्रवर्द्धन सम्बन्धी, राजस्व चुहावट नियन्त्रण लगायत सार्वजनिक वित्तीय क्षेत्रसम्बन्धी सुझावहरू, सार्वजनिक सेवाप्रवाह र सेवाग्राह्री सरोकारका विषयसम्बन्धी सुझावहरू, सार्वजनिक खरिद तथा आयोजना कार्यक्रम व्यवस्थापन सम्बन्धी सुझावहरू, कृषि, भूमि, वन तथा वातावरण संरक्षणसम्बन्धी सुझावहरू, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सम्बन्धी सुझावहरू, सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी लगायत विभिन्न विषयमा सुझावहरू प्रस्तुत गरेको छ। रातोपाटीबाट

# दूरसञ्चार कम्पनी बन्यो उत्कृष्ठ करदाता, कर दिवसमा सम्मानित

काठमाडौँ, १ मंसिर (रासस)।

सरकारले सबैभन्दा बढी आयकर दाखिला गर्ने विभिन्न क्षेत्रका १५ करदातालाई सम्मान गरेको छ। दशौँ कर दिवसका अवसरमा आन्तरिक राजस्व कार्यालयले बुधबार आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले उत्कृष्ट करदाताहरूलाई सम्मान गर्नुभयो।

नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) सबैभन्दा बढी आयकर दाखिला गर्ने उत्कृष्ट करदता बनेको छ। यस्तै निर्यात कारोबारबाट सबैभन्दा बढी आयकर दाखिला गर्ने डाबर नेपाल (प्रा)लि, विशेष उद्योगमध्येबाट एसियन पेन्टस् (नेपाल) प्रालि र कृषि एवं पशुपक्षीजन्य उद्योगबाट पूर्वाञ्चल एग्रीटेक प्रालि रहेका छन्।

यस्तै सहकारी तथा लघु वित्तको कारोवार गर्नेबाट छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड, बैंक तथा वित्तीय संस्थाको कारोवार गर्नेबाट नविल बैंक लिमिटेड, बीमा व्यवसायमध्येबाट नेपाल पुनर्बीमा कम्पनी, स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्थामध्येबाट नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रालि, पर्यटन व्यवसायमध्येबाट तारागाउँ रिजेन्सी होटल्स लिमिटेड र वस्तु व्यापारको कारोबारमध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने भाटभेटनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रालि सम्मानित

*बाँकी अन्तिम पृष्ठमा*

# रेल्वे जग्गाको मुआब्जा पुनरावलोकन नहुने

महोत्तरी, १ मङ्सिर (रासस)।

जयनगर-जनकपुर-बर्दिबास र पूर्व-पश्चिम रेल्वे विस्तारमा अधिग्रहण गरिएका जग्गाको मुआब्जा रकम पुनरावलोकन नहुने भएको छ। गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई पत्राचार गरी गत भदौ-२ गते प्रकाशित मुआब्जा निर्धारणसम्बन्धी निर्णय न्यायोचित रहेको जनाउँदै पुनरावलोकनको आवश्यकता नरहेको जनाएको हो।

यसअघि गत भदौ-२ गते गोरखापत्रमा प्रकाशित मुआब्जा निर्धारणसम्बन्धी मूल्यमा चित्त नबुझेको भन्दै महोत्तरी बर्दिबासका जग्गाधनीले भदौ १३ गते गृहमन्त्रीसँग पुनरावलोकनको लिखित माग गरेका थिए। जिल्ला प्रशासन कार्यालय महोत्तरीले गृह मन्त्रालयले पुनरावलोकन नहुने जानकारी पठाएको पुष्टि गरेको छ।

जयनगर-जनकपुर-बर्दिवास रेल्वे र मेची महाकाली विद्युतीय रेल्वे रेखाङ्कन तथा स्टेशन क्षेत्रमा परेको जग्गाको अधिग्रहण गर्ने सम्बन्धमा जिल्ला मुआब्जा निर्धारण समितिले भदौ-२ गते सूचना प्रकाशित गरेर मुआब्जा निर्धारण गरेको थियो। "हामीले मूल्य निर्धारण गरेर सूचना प्रकाशित गरेका थियौँ", महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले भन्नुभयो, "त्यसपछि गृहमन्त्रीसमक्ष पुनरावलोकनका लागि माग भएको सुनिएको थियो, अब पुनरावलोकन हुन नसक्ने जानकारी गृहमन्त्रालयबाट आएको छ।" अब यसबारे आवश्यक कार्य अघि बढाउन रेल विभागलाई खबर गरी सकिएको न्यौपानेले स्पष्ट पार्नुभयो।

सरकारले दुवै तर्फ ( जयनगर-जनकपुर-बर्दिवास रेल्वे र मेची महाकाली विद्युतीय रेल्वे) को रेल्वे सेवा विस्तारका लागि बर्दिबासका १५३ परिवारको ५९ बिघा जग्गा अधिग्रहण गरेको छ। जिल्ला मुआब्जा निर्धारण समितिले रेल्वेले रोक्का राखेको बर्दिबास-१, २ र १४ का जग्गाको न्यूनतम सात लाखदेखि अधिकतम ८१ लाखसम्म प्रतिकठ्ठा मूल्य निर्धारण गरेको छ। बर्दिबास नगरपालिका १, २ र १४ मा रेल्वे लिक र स्टेशन निर्माणका लागि सरकारले किसानको ५९ बिघा जग्गा सात वर्षदेखि रोक्का राखेको छ। महोत्तरीको बर्दिवासमा मुआब्जा विवादको कारण स्टेशन र रेल ट्र्याकका निर्माण कार्य अघि बढ्न सकेको छैन।

यसअघि जयनगर-जनकपुर-बर्दिवास रेल्वेमा पर्ने महोत्तरीका भङ्गाहा नगरपालिका-४ (साविक भङ्गाहा गाविस-३ र ४) र बर्दिबास नगरपालिका-६ र ७ ( साविक किसाननगर गाविस) को मुआब्जा निर्धारण गतवर्ष २०७७ मा भएको थियो। यद्यपि हालसम्म मुआब्जा माग गरी कसैले कानूनअनुसार दाबी भने नगरेका जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ।

भारतको जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किलोमिटर अन्तर्गत दोस्रो खण्ड धनुषाको कुर्थादेखि महोत्तरीको भङ्गाहा नगरपालिका-५ बिजलपुरा स्टेशनसम्म लिक विच्छ्याउने र स्टेशन भवन तयार गर्ने काम सम्पन्न भइसकेको छ। तेस्रो खण्ड (बिजलपुरा स्टेसनदेखि बर्दिबाससम्म) १८ किलोमिटर दूरीमा भने अझै काम सुरु भएको छैन।

मुआब्जा पुनरावलोकन नहुने जनाएपछि बर्दिबासका जग्गाधनीले भने आफूहरूमाथि अन्याय भएको प्रतिक्रिया दिएका छन्। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सन् २०१२ मा सम्झौता भई सुरु भएको यो राष्ट्रिय महत्वको आयोजना कहिले पूरा हुने भन्ने सर्वसाधारण दिनकुरेर बसेका छन्।

भारतको जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किलोमिटरमध्ये ५१ किलोमिटरमा सबै निर्माण कार्य सम्पन्न भएर रेल डिब्बा र इन्जिन पनि खरिद भई नेपाल ल्याई सकिएपनि दक्षजनशक्तिको परिपूर्ति हुन नसक्दा र तत्सम्बन्धी कानुन बनिनसक्दा सेवा भने सञ्चालन हुन सकेको छैन।

# स्थायी लेखा नम्बर लिने करदाताको संख्या ४० लाख नाघ्यो

काठमाडौँ, १ मङ्सिर (रासस)।

सरकारले करको दायरा वृद्धि गर्दै लगेसँगै करदाताको सङ्ख्या उल्लेख्यरूपमा वृद्धि भएको छ। नेपालमा हालसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघेको आन्तरिक राजस्व विभागले जनाएको छ।

विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ४० लाख ४९ हजार १०९ पुगेको छ। व्यक्तिगत करदाता २४ लाख ७१ हजार ७२६ र व्यावसायिक करदाता १५ लाख ७७ हजार ३८३ छन्। आव २०७७/७८ मा दुई लाख ४५ हजार ५६१ व्यावसायिक करदाता र पाँच लाख १७ हजार ३८३ व्यक्तिगत करदाता थपिएका छन्।

कोरोना महामारीको प्रतिकूलताका बाबजुद पनि राजस्व असुलीमा ९५.३२ प्रतिशत प्रगति भएको विभागले जनाएको छ। आव २०७७/७८ मा रु ४२९ अर्ब २० करोड राजस्व असुली भएको थियो। यो आव २०७६/७७ को तुलनामा ११.६४ प्रतिशतले बढी हो। आव २०७७/७८ मा रु ४५० अर्ब ३४ करोड राजस्व सङ्कलनको लक्ष्य राखिएको थियो।

आव २०७७/७८ मा मूल्य अभिवृद्धि करतर्फ रु तीन खर्ब दुई अर्ब १६ करोड लक्ष्य निर्धारण गरिएकामा रु दुई खर्ब ८७ अर्ब छ करोड असुली भएको छ। यस्तै सोही अवधिमा रु दुई खर्ब ७७ करोड आयकर र रु एक खर्ब ३४ अर्ब नौ करोड अन्तःशुल्क सङ्कलन भएको छ।

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको कूल बेरुजु रु ४९ अर्ब ६१ करोड ४९ लाख १५ हजार रहेकामा गत आवमा रु २८ अर्ब ८६ करोड २६ लाख ९६ हजार फछर्योट भएको विभागले जनाएको छ। गत आवमा मूल्य अभिवृद्धि करतर्फ रु ३७ हजार ८६८ करदाता दर्ता भएको र हालसम्म दुई लाख ६८ हजार ४३६ करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएको विभागले जनाएको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### दिल्लीको न्यूनतम तापक्रम १० डिग्री सेल्सियस, प्रदूषण नाजुक अवस्थामा

नयाँदिल्ली, १ मङ्सिर (रासस/एएनआई)।

भारतको दिल्लीमा न्यूनतम तापक्रम १० डिग्री सेल्सियनमा झरेको छ। तापक्रम घट्दै गएपछि मङ्गलबार अत्यन्त जाडो महसुस गरिएको दिल्लीका बासिन्दाले बताएका छन्।

भारतको मौसम विज्ञान विभागले मङ्गलबारको अधिकतम तापक्रम भने २७ डिग्री सेल्सियससम्म पुगेको जनाएको छ।

भारतको केन्द्रीय राजधानीसमेत रहेको दिल्लीमा एकातिर चिसो बढीरहेको छ भने अर्कातिर प्रदूषणको असर पनि बढीरहेको छ। वायुको गुणस्तर मङ्गलबार ३९६ रहेकोमा बुधबार घटेर ३७९ मा पुगेको अधिकारीले जानकारी दिएका छन्।

तिहारको बेला अत्यधिक धेरै पटका पड्काइएकाले वायु प्रदुषण बढेर खतरापूर्ण अवस्थामा पुगेको हो। प्रदूषण धेरै हानिकारक अवस्थामा पुगेकाले केही समय लकडाउन गर्न सरोकारवालाले सुझाव दिएका छन्। त्यसैगरी चिकित्सकले पनि केही दिन घरबाहिर ननिस्कन र विषेश गरेर बालबालिकालाई प्रदूषणबाट जोगाउन ध्यानाकर्षण गराएका छन्।

### अर्मेनीया र अजरबैजानबीचको भीडन्त अन्त्य

यरेभान, १ मङ्सिर (रासस/सिन्ह्वा)।

अर्मेनीया र अजरबैजानबीचको भीडन्त अन्त्य भएको अर्मेनियाको रक्षा मन्त्रालयले जनाएको छ। रुसको मध्यस्ततामा दुई देशबीचमा युद्ध अन्त्य गर्ने सम्झौता अनुसार सीमा क्षेत्रमा भएको भीडन्त अन्त्य भएको हो। अर्मेनीयाको पूर्वीसीमा क्षेत्रमा स्थानीय समयअनुसार मङ्गलबार बेलुका ६.३० बजेदेखि भीडन्त अन्त्य भएको पनि मन्त्रालयले जनाएको छ।

मन्त्रालयको वेभसाइटमा उल्लेख भएअनुसार युद्ध बिराम सम्झौता भइ युद्ध अन्त्य भएपछि घटनास्थलको अवस्था सामान्य रहेको जनाइएको छ। पछिल्लो भीडन्तका क्रममा अर्मेनीयाका एक सैनिकको मृत्यु भएको पनि अधिकारीले पुष्टि गरेका छन्। घटनास्थलमा सुरक्षा कारबाही रोक्ने सम्झौतामा रुस, अजरबैजान र अर्मोनीयाका उच्च अधिकारीले सहमती जनाएका हुन्। सीमा क्षेत्रका भूमिलाई लिएर दुई देशबीचमा लामो समयदेखि द्वन्द चल्दै आएको छ। सो विवाद बेला बेलामा साम्य हुँदै बल्किदै आउने गरेको छ। द्वन्द्वका कारण धेरै धनजनको क्षति पनि भएको छ।

### फिलिपिन्समा पूर्वराष्ट्रपतिका छोरा र वर्तमान राष्ट्रपतिकी छोरी एउटै गठवन्धनमा

मनिला, १ मङ्सिर (रासस/सिन्ह्वा)।

फिलिपिन्समा आगामी निर्वाचनका लागि पूर्वराष्ट्रपति फेर्डिनान्ड मार्कोसका छोरा तथा पूर्वसिनेटर फेर्डिनान्ड मार्कोस जुनियर र वर्तमान राष्ट्रपति रोड्रिगो डुटेर्टेकी छोरी सारा डुटेर्टे एकै ठाउँमा उभिन् भएको छ। पूर्वराष्ट्रपतिका छोरा मार्कोस जुनियरले राष्ट्रपतिम र वर्तमान राष्ट्रपतिकी छोरी सारा डुटेर्टे उपराष्ट्रपतिमा उम्मेदवारी दिएपछि एकै समूह बनाउनु भएको हो।

पूर्वराष्ट्रपति र वर्तमान राष्ट्रपतिका छोरा छोरी नै चुनावी मैदानमा हुँदा यसैपनि रोमाञ्चक भइरहेको फिलिपिन्सको निर्वाचनमा दुवै जना एउटै समूहमा भएपछि थप रोमाञ्चक भएको छ। आगामी सन् २०२२ को मेमा हुने निर्वाचनका लागि यही अक्टोबर १ देखि फिलिपिन्समा राष्ट्रपतीय निर्वाचनको प्रक्रिया सुरु भएको छ।

गत शनिबार उम्मेदवारी दर्ता गराउन् भएकी वर्तमान राष्ट्रपतिकी छोरी साराले पहिलो पटक सार्वजनिकरुपमा अभिव्यक्ति दिँदै आफू पूर्वराष्ट्रपतिका छोरा तथा अहिले राष्ट्रपतिका उम्मेदवार फेर्डिनान्ड मार्कोस जुनियरकै समूहमा रहेको उल्लेख गर्नु भएको हो। सामाजिक सञ्जाल फेसवकमा राखिएको भिडियो सम्वोधनमा उहाँले आफ्नो समूहलाई फिलिपिन्सका जनताले सेवा गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

राष्ट्रपतिका उम्मेदवार ६४ वर्षीय मार्कोस र उपराष्ट्रपतिकी उम्मेदवार ४३ वर्षीय साराको गठवन्धनलाई फिलिपिन्समा बलियो गठवन्धनका रुपमा हेरिएको छ। पूर्वराष्ट्रपति मार्कोसका दुई सन्तानमध्ये एक मात्र छोरा मार्कोस जुनियरले तीन वर्ष अगाडि स्थापना गरेको र आफू नै अध्यक्ष रहेको पार्टीको तर्फबाट उम्मेदवारी दिनु भएको हो। आफ्ना बुवा राष्ट्रपति भएका बेला उहाँ इल्लोकोस नोर्टे प्रदेशको पहिलो प्रदेश उपप्रमुखमा सन् १९८१ मा निर्वाचित हुनुभएको थियो। उहाँका बुवा सन् १९६५ डिसेम्बर ३० देखि १९८६ फेब्रअरी २५ सम्म फिलिपिन्सको राष्ट्रपति हुनुभएको थियो। उहाँको निधन १९८९ मा भएको थियो।

मार्कोस जुनियर सन् २०१० देखि २०१६ सम्म सिनेटरसमेत हुनुभएको थियो। सन् २०१६ मा भएको निर्वाचनमा उहाँले उपराष्ट्रपतिका लागि प्रतिशर्पधा गर्नु भएको थियो। भावी राष्ट्रपतिका लागि उहाँसहित चर्चित वक्सीङ खेलाडि तथा सिनेटर मान्नी पाक्क्विओ, मनिलाका मेयर फ्रान्सीस्को डोमागोसोले पनि उम्मेदवारी दर्ता गर्नु भएको छ। त्यसैगरी उपराष्ट्रपतिमा प्रतिशर्पधा गर्न लाग्नु भएकी साराले देशको प्रभावशाली पार्टी लकास सिएमडीको तर्फबाट उहाँले उम्मेदवारी दर्ता गराउनु भएको हो। उनले पहिला आफ्ना पिताको उत्तराधिकारी नै हुनेगरी राष्ट्रपतिमै प्रतिशर्पधा गर्ने तयारी गरेपनि मापदण्ड पुरा नभएकाले अहिले उपराष्ट्रपतिमा उम्मेदवारी दिनुभएको हो।

# एमाले महाधिवेशन : एघार जिल्लाबाट प्रतिनिधिको विवरण आउन बाँकी

काठमाडौँ, १ मङ्सिर (रासस) ।

नेकपा (एमाले)को दसौँ राष्ट्रिय महाधिवेशनका लागि ११ जिल्लाबाट अझै प्रतिनिधिको विवरण आउन बाँकी रहेको छ । ती जिल्लामा प्रतिनिधि छनोट भइसके पनि प्राविधिक कारणले विवरण अझै नआएको एमाले प्रचार विभाग उपप्रमुख सूर्य थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार कैलाली, कञ्चनपुर, बाजुरा, ताप्लेजुङ, पाँचथर, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी, रौतहट र धनुषाबाट निर्वाचित भएका प्रतिनिधिको विवरण अझै प्राप्त नभएको हो । "महाधिवेशनका लागि सबै जिल्ला, विभाग र जनसङ्गठनमा प्रतिनिधि छनोट सम्पन्न भइसकेको छ", उहाँले भन्नुभयो, "तर केही प्रक्रिया पुऱ्याउनुपर्ने भएकाले ती जिल्लाबाट विवरण आउन ढिलाइ भएको हो ।"

यस्तै २२ जनसङ्गठनमध्ये छ वटाबाट प्रतिनिधिको विवरण नआएको उहाँको भनाइ छ । एमालेले कात्तिक ३० गतेसम्म प्रतिनिधिको विवरण पठाउन निर्देशन दिए पनि ती जिल्ला र जनसङ्गठनबाट विवरण नआएको हो ।

उहाँले बिहीबारसम्म सबै जिल्ला र जनसङ्गठनको विवरण आउने बताउनुभयो । एमालेमा एक निर्वाचन क्षेत्रबाट एक महिला, एक दलितसहित पाँच र जनसङ्गठनबाट पाँचजनाका दरले प्रतिनिधि छनोट गरिएको छ ।

यही मङ्सिर १० देखि १२ गतेसम्म हुने महाधिवेशनका लागि एमालेले कात्तिक २७ गते देशभर एकैसाथ प्रतिनिधि छनोट गरेको थियो । महाधिवेशनका लागि धेरै जसो जिल्ला कमिटीमा सर्वसम्मत प्रतिनिधि छनोट गरिएको एमाले प्रचार विभाग उपप्रमुख थापाले बताउनुभयो ।

चितवनमा हुने महाधिवेशनमा देशभरिबाट एक हजार ९९९ प्रतिनिधि सहभागी हुने भएका छन् । महाधिवेशनले १५ केन्द्रीय पदाधिकारीसहित २२५ केन्द्रीय कमिटी सदस्य र लेखा आयोग तथा अनुशासन आयोगमा १५/१५ जना निर्वाचित गर्नेछ । महाधिवेशन गर्न एमाले नेता रामबहादुर थापाको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ ।

## दूरसञ्चार कम्पनी ...

भएका छन् ।

मध्यमस्तरीय करदातामध्येबाट कर्जा सूचना केन्द्र कम्पनी लिमिटेड, ऊर्जामूलक उद्योगमध्येबाट हिमाल पावर लिमिटेड र सबैभन्दा बढी मूल्यअभिवृद्धि कर र अन्तःशुल्क दाखिला गर्ने सूर्य नेपाल प्रा.लि सम्मानित भएका छन् । २०६६ साउनदेखि २०७८ असार मसान्तसम्म मूल्य अभिवृद्धि करको मासिक कर विवरण र सो बमोजिमको कर समयममै बुझाएर नियमित कर सहभागिता जनाएका मध्ये आव २०७७/०७८ मा सबैभन्दा बढी मूल्यअभिवृद्धि कर दाखिला गर्ने करदाताका रूपमा घोराही सिमेन्ट इण्डष्ट्री सम्मानित भएको छ ।

यसैगरी व्यक्तिगत आयमध्ये सबैभन्दा बढी आयकर तिर्ने सिद्धार्थशम्सेर राणा पनि सम्मानित हुनुभएको छ । दिवसकै अवसर पारेर विभाग मातहतका विभिन्न कार्यालयमा उत्कृष्ट सेवा प्रवाह गर्ने १० कर्मचारीलाई पनि पुरस्कृत गरिएको थियो ।

उत्कृष्ट करदाताका रूपमा सम्मानित नेपाल पुनर्बीमा कम्पनीका प्रमुख कार्याकारी अधिकृत शंकरकुमार रायमाझीले सम्मानले थप उत्कृष्ट काम गर्न प्रोत्साहित गरेको र पुनर्बीमा कम्पनीलाई सधैँभर उत्कृष्ट बनाउन आफू प्रयत्नशील रहेको बताउनुभयो । आधुनिक एवं वैज्ञानिक कर प्रणालीतर्फको प्रस्थानविन्दुका रूपमा नेपालमा मूल्यअभिवृद्धि कर लागू भएको दिनको स्मरण गर्दै हरेक वर्ष मंसिर १ गते कर दिवस मनाउन थालिएको हो ।

# बढ्न थाले कोरोना सङ्क्रमित, थप ४१२ जनामा कोरोना पुष्टि

काठमाडौँ, १ मङ्सिर (रासस) ।

पछिल्लो समय कोरोना भाइरस सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ । मङ्गलबार ३७७ सङ्क्रमित भएकामा बुधबार ४१२ नयाँ सङ्क्रमित थपिएको मन्त्रालयको तथ्याङ्कले पुष्टि गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर पछिल्लो २४ घण्टामा ११ हजार ९९३ को कोरोना परीक्षण गरिएको थियो । नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या आठ लाख १८ हजार ३५ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार २२३ रहेको छ । बुधबार २०२ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या सात लाख ९८ हजार ९१६ पुगेको छ । निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा थप एक जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४८३ पुगेको छ । अहिले कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी पछिल्लो समय एक लाख १७ हजार ६१ ले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ६३६ छ । अहिले होम आइसोलेसनमा सात हजार १६३, संस्थागत आइसोलेसनमा ४७३, आइसियुमा २२४ र भेन्टिलेटरमा ६० जनाले उपचार गराइरहेका छन् ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# तस्करी गरी भण्डारण गरेका लत्ताकपडाहरू बरामद

**दैनिक समाचारदाता**
**पर्सा, १ मंसिर ।**

भन्सार छलेर तस्करीका लागि भण्डारण गरिराखेको अवस्था पर्सा प्रहरीले बिरगंजबाट लाखौं मुल्य पर्ने लत्ताकपडाहरु बरामद गरेको छ ।

वीरगञ्ज महानगरपालिका वडा नं. ८ स्थित एक घरमा भण्डारण गरि राखेको अवस्थामा ४ लाख २८ हजार ३ सय मुल्य बराबरको सो लत्ताकपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

गोप्य सूचनाको आधारमा नाम, थर, वतन नखुलेको व्यक्तिको कोठा प्रहरीले खानतलासी गर्दा उक्त मुल्य बराबरको लत्ताकपडा बरामद गरि आवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# दुई लाख २० हजार गाँजाका बोट नष्ट

**दैनिक समाचारदाता**
**पर्सा, १ मंसिर ।**

पर्सा जिल्लाको ठोरी गाउँपालिकामा एघार विगहा जग्गामा लगाइएको गाँजा खेती पर्सा प्रहरीले फडानगरि नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटेको टोलीले ठोरी गाउँपालिका वडा नं. ३ र ४ स्थितमा एघार बिगहा खेतमा अवैध रूपमा लगाइएको गाँजाको बोटहरू नष्ट गरेको हो ।

खेतमा लगाइएको अन्दाजी २ लाख २० हजार गाँजाका बोटहरु फडानी गरी प्रहरीले नष्ट गरेको छ भने गाँजा खेतीमा सलंग्न व्यक्तिहरूको पहिचान तथा खोजतलास गर्ने कार्य भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
बि.सं. २०१९/०१/०९

स्वार्गारोहण
बि.सं. २०७८/०७/२७

**स्व. कैलाश चौधरी**

यस सुडी समाजका सदस्य श्री निलेश चौधरी र कमलेश चौधरीका बुवा श्री कैलाश चौधरीको मिति २०७८ कार्तिक २७ गते शनिवारका दिन उपचारका क्रममा भएको निधनबाट हामी अत्यन्त स्तब्ध र मर्माहत भएका छौं । यस पीडादायी घडीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृत आत्माको चिरशान्तिका लागि इश्वरसँग प्राथना गर्दछौं । साथै शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति इश्वरले प्रदान गरुन् भन्ने कामना समेत गर्दछौं ।

अध्यक्ष
गोपाल महतो

सचिव
मनोजकुमार माझी

सुडी समाज सप्तरी


२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म भईरहेको

राष्ट्रिय जनगणना २०७८ मा सहभागी होऔं

कोही नछुटौं, कोही नदोहोरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर-घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*